# भूमे साप्ताहिक

वर्ष ६ अङ्क ११  २०८१ साउन  २७ आईतबार



सम्पादकीय

## विज्ञान प्रविधिमा गाउँपालिकाको लगानी

रुकुमपूर्व भूमे गाउँपालिकाले २१ औं शताब्दीसँग समयनुसार परिवर्तनशिल बनाउनका लागि शिक्षामा गुणस्तर सुधार गर्दै, गुणस्तरीय शिक्षाको पहुँच विस्तार तर्फ आधुनिक सिकाई ज्ञान, सीप, अनुभव प्रणालीको प्रक्रियागत निःशुल्क कम्प्युटर कक्षा सञ्चालन गर्न लागेको छ। आजको आवश्यकता भनेको नयाँ खोज, अनुसन्धान, आविष्कार मानवीय सभ्यताको विकास रहेकोले गाउँपालिकाले सकरात्मक कदम चालेको हो। निःशुल्क कम्प्युटर कक्षा मात्र सञ्चालन मात्र नभई निमावि र मावि तहका सम्पूर्ण विद्यालयमा कम्प्युटर ल्याब सुविधा सञ्चालन गरिएको छ।

व्यक्तिको सर्वाङ्गीण विकासका लागि अन्तरनिहित प्रतिभा तथा क्षमता बढाउन अहिलेका कलिला बालालिकालाई शिक्षा क्षेत्रको व्यापक सुधार तथा परिमार्जन गरी दक्ष जनशक्ति उत्पादन गर्न यही आउँदो भदौको पहिलो हप्ता देखि निःशुल्क कम्प्युटर कक्षा लिन माध्यमिक शिक्षा कक्षा १० र कक्षा १२ पासगरी सकेका विद्यार्थीले यो सुनौलो अवसर लिन कसै पनि नछुटौं जसले गर्दा जीवनको कार्यको अर्थ खोज्नेगरी रोजगारमुलक एवम् व्यवसायिक शिक्षा प्राप्त हुने छ। सीपमूलक शिक्षा, नमुना विद्यालय सञ्चालन, शैक्षिक सुधार कार्यक्रमको कार्यन्वयन, अनुगमन, सुपरीवेक्षण गरी शैक्षिक गुणस्तर सुधारमा मूख्य केन्द्रित रहेर आधारभूत मानवीय गुण, ज्ञान, सीप, क्षमता र आचरण आर्जन गरी सभ्य, शिष्ट, नैतिकवान, चरित्रवान, सुसंस्कृत, कर्तव्यनिष्ठ, कर्मशील, गतिशील, अनुशासित, स्वावलम्बी, आत्मनिर्भर नागरिक तयार गर्न सक्ने गुणस्तरीय शिक्षा हो।

जग बलियो बनाउन सकिएमा जस्तोसुकै काम गर्न सक्छौं। त्यस कारण प्रस्थिति अनुसारको ज्ञान, सीप ग्रहण गरिनु पर्दछ। जसले गर्दा भर्खरै फूल्दै गरेका कोपिलाको भविष्य सुनौलो बन्न सक्छ। प्रविधिमैत्री सिकाइ गुणस्तरीय शिक्षाको लागि पाठ्यक्रम, पाठ्यपुस्तक, सन्दर्भ बालबालिकाको रुची र चाहना अनुकूल सान्दर्भिक, रुचिकर, समय सापेक्ष, रचनात्मक र आजको विज्ञान तथा प्रविधिको प्रविधिमैत्री युगमा लैजान गाउँपालिका लागि परेको छ।

प्रकाशक

भूमे गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

खाबाङबगर, रुकुम (पूर्व)

लुम्बिनी प्रदेश नेपाल

# व्यवसायिक स्याउ खेतीले बदल्दै छ-तिर्थबहादुरको जीवनशैली

## *जुम्ली स्याउको विरुवा रुकुमपूर्वमा फल्यो, बगैँचा हेर्न आउनेको भीड*

❖ बालाराम शेर्पाली



रुकुमपूर्व लुम्बिनी प्रदेशको एक मात्र हिमाली जिल्ला हो। भूमे गाउँपालिका -१ स्थित मध्यपहाडी लोकमार्गको छेउमा करिब एक बिघा जग्गामा एक दशक देखि व्यवसायिक स्याउ खेती फस्टाइ रहेको छ। भूमे १ मैजाकुडमा व्यवसायिक रूपमा २०६९साल देखि ५७ वर्षीय तिर्थबहादुर पुनले स्याउखेती गर्दै आउनुभएको छ।

समुन्द्र सतह देखि करिब ३ हजार मिटर भन्दा बढी उच्चाईमा रहेको मैजाकुडको स्याउ बगैंचामा अहिले फोजी, गोल्डेन गरी विभिन्न प्रजातिका स्याउ चार सय बोट भन्दा बढी स्याउ बगैंचा राम्रो फस्टाएको विगतको दिनमा आवश्यक प्राविधिक ज्ञान नहुँदा सोचे अनुसारको उत्पादन हुन नसेको उहाँको भनाइ छ। स्याउमा लाग्ने रोगकीरा तथा अन्य समस्याले पनि बेलाबेला पुनलाई हैरानी खेप्नु परेको थियो। पछिल्लो समय भूमे गाउँपालिकाले कृषकको छ। भोलिका दिनमा छोरानातिलाई जीविकोपार्जन गर्न सजिलो होस् भनेर कृषि खेतीमा गाउँकै माटोमा पसिना बगाउने सोच बनाएर स्याउ खेती गरेको पुनले बताउनुभयो।

मेहनत देखेर थप हौसला बढाइ दिनका लागि समय समयमा स्याउ बगैंचा सुरक्षाका लागि प्राविधिक परामर्शका साथै केही अनुदान दिइराखेको गाउँपालिकाका कृषि प्राविधिक विशाल पुन मगरले बताउनुभयो।

स्याउ उत्पादन बढाउन लागि अनुदानमा स्याउको विरुवा उपलब्ध साथै साना सिंचाइ योजना, स्याउ गोडमेलका लागि औजारउपकरण पनि पालिकाबाट अनुदान दिने गरिएको पुनमगरको भनाइ रहेको छ। स्याउ बगैंचामा क्षति नहोस् भनेर गाउँपालिकाले घेरबारको लागि तार, जालीसंगै आर्थिक वर्ष २०७९/०८० मा एक लाख ५५ हजार बराबरको अनुदान दिएको प्राविधिक पुनमगरले बताउनुभयो।



स्थानीय स्तरमा उत्पादन बढाउने र उत्पादन भएका फलफूललाई बजारीकरण गर्ने पहल भइरहेको कृषि शाखाले जनाएको छ। एक दशक अघि विस्तार गरिएको स्याउ खेतीले २०७६ साल देखि फल दिन थालेको छ। विरुवा रोपेको पाँच वर्ष पछि लगानी अनुसारको उत्पादन राम्रो हुँदै गएको कृषक पुनले बताउनुभयो। यस वर्ष एक लाख ५० हजार भन्दा बढी आम्दानी हुने अनुमान गरिएको पुनको भनाइ रहेको छ। उहाँले पशुपालनसँगै निर्वाहमुखी खेतीपाती गर्दै आउनुभएकोमा पछिल्लो समय स्याउ खेतीलाई नै बढी जोड दिइरहनु भएको छ।

एक बिघा जमिनमा लटरम्म फलेका स्याउका स्याउ बगैंचा मध्यपहाडी लोकमार्ग छेउमा रहेको छ। आजभोलि स्याउ बगैंचाले छिमेकी जिल्ला बागलुङ्ग, रोल्पा र रुकुम पश्चिमका नागरिकले अर्गानिक स्याउ खान र बगैंचामा घुम्न आउने मान्छेको भीड लाग्ने गरेको छ। शनिबार बाहेक स्याउ बगैंचा हेर्न आउनेको संख्या दैनिक १० देखि २५ सम्मको आउने गरेको कृषक पुनले बताउनुभयो। भने शनिबारको दिन सयौंको संख्यामा घुम्न आउनेको भीड बढ्दो रहेको उहाँले बताउनुभयो।

# जनप्रतिनिधि र कर्मचारीको दुई दिनको पारिश्रमिक आकस्मिक कोष खातामा




❖ *बालाराम शेर्पाली*

**रुकुमपूर्व**को भूमे गाउँपालिकामा विपद् व्यवस्थापनका लागि आकस्मिक कोष खाता २०७४ साल देखि सञ्चालन गरिएको छ। गाउँपालिका भित्रका जनप्रतिनिधि र कर्मचारीले वर्षको दुई दिनको पारिश्रमिक आकस्मिक कोष खातामा जम्मा गर्दै आउनु भएको हो। गाउँपालिकाले भवितव्य रूपमा प्राकृतिक र मानवीय कारणले विपद् तथा प्रकोप जतिखेर पनि जुनसुकै स्थानमा आउन सक्ने भएकोले मानव जीवनको रक्षा, मानव अधिकारको प्रवद्र्धन गर्नको लागि विपद् व्यवस्थापन कोष निर्देशिका कार्यविधि बनाइएको छ। जुनसुकै समयमा हुन सक्ने विपद्को अवस्थालाई मध्ये नजरगरी राहत, उद्धार र खोजीकार्यका लागि निर्देशिका समेत तयार गरिएको गाउँपालिकाले जनाएको छ। आकस्मिक कोषमा गाउँपालिका अन्तर्गत रहेका सम्पूर्ण जनप्रतिनिधि र कर्मचारीले वर्षको दुई दिन बराबरको पारिश्रमिक जम्मा गर्दै आएको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत देविलाल विकले बताउनुभयो। जटिल संकटको अवस्थामा सहयोग पुगोस् भनी पारिश्रमिक जम्मा गरिएको अधिकृत विकको भनाइ रहेको छ।

**कति जम्मा भएको छ अहिले सम्म ?**

गएको असार मसान्त सम्म विपद् व्यवस्थापन आकस्मिक कोष खातामा आठ लाख ४६ हजार सात सय ९९ रुपियाँ रहेको छ। गएको आर्थिक वर्षमा गाउँपालिका भित्र रहेका शिक्षकबाट चार लाख १४ हजार तीन सय, जनप्रतिनिधिबाट ४८ हजार, कर्मचारीबाट दुई लाख २७ हजार एक सय ५४ रुपियाँ रकम उठेको छ। कोषमा जम्मा भएको रकमबाट प्राकृतिक विपद्ले हानीनोक्सानी गरेको पीडित घरपरिवारलाई सहयोग गर्ने गरिएको प्रमुख प्रशासकीय अधिकृत विकले जानकारी दिनुभयो। विपद् व्यवस्थापनका लागि तयार गरिएको कार्यविधिको मापदण्ड अनुसार विपद्को अवस्था हेरेर पीडितलाई सहयोग गर्ने गरिएको विकले बताउनुभयो। विपद् बाजा बाजाएर आउँदैन् विपद् जति बेला पनि आउन सक्छ। त्यसको पूर्व तयारीका लागि कोषमा रकम जम्मा गर्ने गरिएको उहाँले बताउनुभयो।

# मडारिएको कुहिरोमा बाँसुरीको धुन, चराचुरुङ्गीको आवाज, सिमसिमे पानी गुराँसेको फेदमा जाने होइन्



❖ बालाराम शेर्पाली

थरीथरीका ढकमक्क फूलेको फूल लेक नै मनमोहक बनेको छ। घना जङ्गलको बिचमा समथर भूभाग हिउँदमा भेडी गोठालो र असार महिना लागेसंगै भैंसी गोठालो जाने गरेका छन्। भूमे गाउँपालिका - ३, ४ र ५ तथा पुथाउत्तरगंगा गाउँपालिकाको केही वडाको संगमस्थल रहेको गुराँसे लेकमा आजभोलि भैंसीको बथान, अग्लो चुचुरोमा बजि रहेको गोठालाको बाँसुरीको धुन र न्याउली आवाज, सिमसिमे पानी, मडारिएको कुहिरो भित्र ठूलो भेल बज्दै बुकी पाटनको चरनमा चर्दै भैंसीको बथान प्रकृतिको सौन्दर्यले भरिएको छ। छिट्टै रमाइलो संसार छ। गुराँसे लेक वर्षामा चउरभरी विभिन्न प्रजातिको फूल, गोठाला र हिउँदमा जिल्लाका तीनवटै गाउँपालिका सिस्ने, भूमे र पुथाउत्तरगंगा गाउँपालिकाका विभिन्न भूभाग उक्त स्थानबाट देख्न सकिन्छ। उत्तर तिरका सेता हिमाल, खुला आकासले साँच्चिकै मन चङ्गा बनाइदिन्छ।

त्यहाँबाट, पुथा हिमाल, सिस्ने हिमाल, रोल्पाको जलजला, धौलागिरी हिमाल, रुकुम पश्चिमको विभिन्न भागहरू पनि देखिन्छ। विभिन्न किसिमको रमणीय ठाउँको अवलोकन र अध्ययन गर्नुका साथै स्वच्छ तथा मनोरम वातावरणमा रहेको छ। भने स्थानीयले वैशाख पूर्णिमामा पूजा गर्दछन्। यस लेकमा आजभोलि दुई गाउँपालिकाको भैंसी गोठालाहरू दुई महिनाको लागि त्रिपाल हालेर बसेको भैंसी गोठाला विष्णु बुढा मगरले बताउनुभयो। गुराँसे लेक पर्यटकहरूको रोजाई पर्छ। भूमे गाउँपालिका -३, ४, ५ र पुथाउत्तरगंगा गाउँपालिका -११, १२ र १४ वडाका युवायुवतिहरू कुनै चाडपर्वमा घुम्न आउने पिकनिक खाने गर्दछन्।

चाडपर्वको समयमा दुई पालिकाको नागरिक भेट भएसंगै निकै रमाईलोका साथ खुसी साटफेर गर्ने गरिएको समेत पुथाउत्तरगंगा -१४ नाखाका रमिता विकले बताउनुभयो। विभिन्न प्रजातिका गुराँस र वनस्पतिहरू धेरै हुने भएकोले गुराँसे लेकमा डाँफे, मुनाल लगायतका चराचुरुङ्गी, मृगहरूसँग बेलाबेलामा जम्काभेट हुने गर्दछ।



*माघको महिना हिउँले भरिएको गुराँसे लेक*

यस लेकमा जडीबुटी निकै मात्रामा पाईने हुँदा यहाँको गन्तव्यको नयाँ स्वाद रहेको छ। गुराँसे लेकमा रमाएसंगै भौगोलिक वनावटले अतन्तै महत्वपूर्ण रमणीय नजिकै रहेको स्थान पिलबाङ लेकमा पूर्खाको पाला देखि चैते दशै दिन ठूलो मेला लाग्ने गरेको झुम्लाबाङका अमित सुनारले बताउनुभयो।

उच्च स्थान सौन्दर्यता भरिएको लेकलाई पिकनिक स्थल, प्रतिक्षालय, फूलबारी लगायतका पूर्वाधारको विकास गर्न सकिएको खण्डमा बाह्य पर्यटकका लागि रोजाई पर्ने नागरिहरुको अपेक्षा रहेको छ।

# भूमे गाउँपालिकामा सुरक्षित प्रसूति सेवा लिनेको संख्या बढ्दो

## *गाउँपालिकामा बाल मृत्युदर शून्य*



❖ बालाराम शेर्पाली

रुकुमपूर्व भूमे गाउँपालिकामा सुरक्षित प्रसूति सेवा लिनेको संख्या बढ्दो क्रममा रहेcको छ। विगतमा कम भन्दा कम मात्र गर्भवती महिलाहरू सुत्केरी हुन स्वास्थ्य संस्थामा आउने गरेका थिए। तर, पछिल्लो समय स्वास्थ्य शिक्षा र जनचेतनाको प्रभावले महिलाहरू सुरक्षित प्रसूति सेवा लिनका लागि नजिकको स्वासथ्य संस्थामा जाने गरेका छन्। नजिकबाट स्वास्थ्य सेवा दिने उद्देश्यले भूमे गाउँपालिकाले विभिन्न ठाउँमा सामुदायिक स्वास्थ्य इकाइ स्थापना गरी सेवा दिइरहेको छ। भूमे गाउँपालिकामा १४ वटा स्वास्थ संस्था रहेको छ। भूमेका नागरिक विगतको दिनमा स्वास्थ्य जाँच गर्नको लागि सदरमुकाम रुकुमकोट जानु पर्ने बाध्यता रहेको थियो। साथै गर्भ जाँच गर्न जिल्ला अस्पताल धाउनु परेको थियो।

अहिले भने गाउँपालिकाका विभिन्न स्वास्थ्य संस्थाबाट गर्भ चेकजाँच र प्रसूति सेवा प्रवाह भइरहेको भूमे गाउँपालिका स्वास्थ्य शाखाका संयोजक तथा जनस्वास्थ्य निरीक्षक उपेन्द्र यादवले जानकारी दिनुभयो। गाउँपालिका भित्रको ११ स्वास्थ्य संस्था लुकुम, काँक्री, महत, धर्मशाला, कोर्जा, कुचिबाङ, चुनबाङ, काँडा, सेराबाङ, झुम्लाबाङ र मोराबाङ स्वास्थ्य संस्थाबाट प्रसूति सेवा दिइराखिएको यादवले बताउनुभयो। आर्थिक वर्ष २०८०/०८१ मा भूमे गाउँपालिकामा सुत्केरी हुने संख्या दुई सय ६८ जना रहेका छन्। जसमध्ये २० वर्ष भन्दा मुनिका ७० जना र सो उमेर भन्दा माथिका एक सय ७५ जना रहेका छन्।

नेपाल सरकारले स्वास्थ्य संस्थामा सुत्केरी गराए वापत प्रोत्साहन भत्ता दिइ रहेकोले भूमेमा गर्भवती महिला सुरक्षित सुत्केरी सेवा लिनेको संख्या बढ्दो क्रममा रहेका भूमे—३ का मोराबाङ स्वास्थ्य चौकीका सिनियर अनमी उषा पुन मगरले जानकारी दिनुभयो। जटिल अवस्थाकालाई मात्र अन्यत्र रिफर गर्ने गरिएको छ। साथै घरमै सुत्केरी गराउँदा आमा र बच्चाको ज्यानै जाने खतरा हुने विषयमा पनि स्पष्ट बुझाउँदा स्वास्थ्य संस्थामै आइ सुरक्षित सुत्केरी सेवा लिइ रहेका छन्। जसको कारणले पालिकामा बाल मृत्युदर शून्य रहेको संयोजक यादवले बताउनुभयो।

# भूमे गाउँपालिकाले निःशुल्क आधारभूत कम्प्युटर कक्षा सञ्चालन गर्दै


*निःशुल्क कम्प्युटर शिक्षा लिनुहोस्, क्षमतावान भइ जानुहोस्*



❖ बालाराम शेर्पाली

रुकुमपूर्वको भूमे गाउँपालिकाले पालिका भित्र एसइई र कक्षा १२ को परीक्षा दिएर बसेका विद्यार्थीका लागि निःशुल्क आधारभूत कम्प्युटर कक्षा सञ्चालन गर्ने निर्णय गरेको छ।सबै कामकाजमा आधारभूत कम्प्युटर शिक्षाको आवश्यक हुँदै आएकोले गाउँपालिकाले उक्त आवश्यकतालाई मध्येनजर गरी निःशुल्क आधारभूत कम्प्युटर कक्षा सञ्चालन गर्ने निर्णय गरेको हो।

गाउँपालिका भित्र रहेका सामुदायिक विद्यालयबाट एसइई र कक्षा १२ को परीक्षा दिएर बसेका विद्यार्थीलाई भदौ ५ गते देखि कम्प्युटर कक्षा सञ्चालन गरिने गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत देविलाल विकले जानकारी दिनुभयो। आधारभूत कम्प्युटर कक्षा लिनका लागि गाउँपालिका स्थित विद्यार्थीले जिल्ला सदरमुकाम रुकुमकोट जानु पर्ने बाध्यता रहेको छ।


भूमे गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खाबाङबगर, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश, नेपाल

आर्थिक वर्ष : ०८१।०८२
सूचना नं.: ६

आधारभुत कम्प्युटर सिक्न चाहनेहरुको लागि निवेदन पेश गर्ने सम्बन्धी सूचना !
(सूचना प्रकाशत मिति:२०८१/०४/२२ गते)

यस गाउँपालिकाको चालु आर्थिक वर्ष २०८१/०८२ को वार्षिक कार्यक्रमअनुसार एस.ई.ई. उत्तीर्ण विद्यार्थीहरुका लागि निःशुल्क आधारभूत कम्प्युटर कक्षा सञ्चालन हुन गइरहेकोले यस गाउँपालिकाभित्रका इच्छुक विद्यार्थीहरुले तोकिएको समयभित्र आवश्यक कागजात सहित यस गाउँ कार्यपालिको कार्यालय वा सम्बन्धित वडा कार्यालयमा निवेदन पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

**आवश्यक कागजातहरु :**

१. नेपाली नागरिकता वा जन्मदर्ता प्रमाण पत्रको प्रतिलिपि
२. एस.ई.ई उत्तीर्ण गरेको शैक्षिक योग्यताको प्रमाण पत्रको प्रतिलिपि
३. पार्सपोर्ट साइजको फोटो २ प्रति
४. व्यक्तिगत निवेदन

**कक्षा सञ्चालन हुने मिति, समय र स्थान :**
निवेदन पेश गर्ने अन्तिम मिति: २०८१/०४/३२ गते
कक्षा सञ्चालन सुरु हुने मिति : २०८१/०५/०५ गते
समय : बिहान १०:०० बजे
स्थान : भूमे गाउँपालिकाको शैक्षिक तालिम केन्द्र हल, खाबाङबगर।

**थप जानकारीको लागि सम्पर्क :**
९७६२५२७११०,९७६२५२७१११,९८४४९७२०६६,९८४४९२८६९१

नोट : प्रशिक्षार्थीहरुले खान, बस्न र यातायातको व्यवस्था स्वयं आफैले गर्नुपर्नेछ।

(देविलाल वि.क.)
प्रमुख प्रशासकीय अधिकृत

खाबाङबगर, रुकुम (पूर्व), लुम्बिनी प्रदेश, नेपाल। सम्पर्क फोन नं. +९७७-९७६२५२७११०,
इमेल: info@bhumemun.gov.np, ito.bhumemun@gmail.com, वेबसाइट: www.bhumemun.gov.np

आधारभूत कम्प्युटर कक्षा कोर्स सक्न तीन महिना समय लाग्ने गरेको छ।तीन महिना सम्म आधारभूत कम्प्युटर शिक्षा लिनका लागि विद्यार्थीले रुकुमकोटमा कोठा भाडा लिइ कक्षा लिने गर्दा धेरै खर्च लाग्ने गरेको छ।कम खर्चमा विद्यार्थीले कम्प्युटर शिक्षा हासिल गरुन् भनी कक्षा सञ्चालन गर्न लागिएको विकले बताउनुभयो।उँपालिकाले पालिका भित्रका सबै विद्यार्थीलाई प्राविधिक धार तर्फ दक्ष जनशक्ति उत्पादन गर्दै युवायुवतीलाई इलम हुनमा सहयोग पु¥याउने उद्देश्यले निःशुल्क कम्प्युटर कक्षा सञ्चालन गर्न लागिएको गाउँपालिकाका अध्यक्ष होमप्रकाश श्रेष्ठले बताउनुभयो।अध्यक्ष श्रेष्ठले भन्नुभयो, "शिक्षामा समानताको कुरा गरिए पनि विद्यार्थी अझै पनि कम्प्युटरसँग खेल्न पाएका छैन्, कम्प्युटर सिकाइको अवसर पाउन सकेका छैन् यो निरास जनक विषय हो।"

कतिपय विद्यार्थीले निजी कम्प्युटर कक्षा केन्द्रमा गएर कम्प्युटर सिक्दा विद्यार्थीले महँगो शुल्क तिनुपर्ने बाध्यता रहेको बताएका छन्।रुकुमकोटमा कोठा भाडा लिएर कम्प्युटर पढ्ने विद्यार्थीको पीडालाई बुझेर दक्ष जनशक्ति उत्पादन गर्न गाउँपालिकाले निःशुल्क कम्प्युटर पढाउने योजना बनाइएको अध्यक्ष श्रेष्ठले बताउनुभयो।

गाउँपालिका भित्रका इच्छुक विद्यार्थीले गाउँपालिकामा निवेदन पेश गर्न अनुरोध गरिएको छ।नेपाली नागरिकता वा जन्मदर्ता प्रमाण पत्रको प्रतिलिपी, एसइई उत्तीर्ण गरेको शैक्षिक योग्यताको प्रमाण पत्रको प्रतिलिपी, पासपोर्ट साइजको दुई प्रति फोटो र व्यक्तिगत निवेदन सहित कागजात पेश गर्न गाउँपालिकाले यही साउन ३२ गते सम्म निवेदन दिन अनुरोध गरेको छ।

# जनताको पूर्ण निगरानीमा काम गरिरहेको छु, तर, पुरानो व्यवस्था प्रणालीको चिन्तनमा रहेका नेताहरूमा केन्द्रिकृत मानसिकता हट्न सकिरहेको छैन, यो हट्नु पर्छ : सांसद् घर्ती मगर



*प्रतिनिधसभा सदस्य माननीय पूर्णबहादुर घर्ती मगर*

**संसझा जिल्लाको मागलाई कसरी उठाइ राख्नु भएको छ ?**

म दोस्रो पटक सांसद् बनेको छु। पहिलो कार्यकाल प्रदेश सभामा रह्यो भने दोस्रो कार्यकाल प्रतिनिधिसभामा बिताउँदै छु। विगतमा भएका कमी कमजोरीहरूलाई सच्याएर प्रक्रियागत ढंगले योजना तथा बजेट विनियोजन गरिएको छ। जनताको पूर्ण निगरानीमा काम गरिरहेको छु। स्थानीय टोल, वडा, पालिका हुँदै जिल्लाबाट सिफारिस भई आएका योजनाहरूलाई आवश्यकताका आधारमा प्राथमिकीकरण गरेर नेपाल सकार समक्ष पेस गरेको छु। रुकुमपूर्व जिल्लाको वस्तुस्थिति बुझेर प्राथमिकताको आधारमा काम गरिरहेको छु। सांसद्हरूको भूमिका एकातिर कानून निर्माणको प्रक्रियामा आफूलाई सहभागी गराउनु छ। भने अर्को तिर चुनावको समयमा जनतासँग बाचा गरेका विकास निर्माणका काममा ध्यान दिएको छु। मन्त्री हुनेले विकासका योजना बढी लैजाने, सांसद्हरुले विकासका

फाइलहरू बोकेर मन्त्रालय धाउनुपर्ने र सचिवहरूलाई नमस्ते गरेर काम गराउनुपर्ने स्थिति अहिले पनि छ। किन कि आफूले मतदान गरेको जनप्रतिनिधिसँग जनताका अपेक्षाहरू हुन्छन्। अहोरात्र खटिरहेको छु। पहिले सांसद्ले बोलेको सुन्ने स्थानमा थिए, अहिले आफै बोल्ने र जनताका आवाज उठाउने ठाउँमा छु। आफूले सक्ने र जाने बुझेको भूमिका निर्वाह गर्न कञ्जुस्याइँ नगरेर काम गर्दै अगाडि बढिरहेको छु।

**सरकार फेरबदल हुँदा कस्तो असर परिरहेको छ ?**

सरकारमा भए पनि सरकारमा नभए पनि जनताका कुरा सदनमा मुखरित गर्ने हो। जनता र राष्ट्रको पक्षमा, संविधान र कानूनको पक्षमा सांसद् आफू उभिनु पर्छ।

सांसद्को भूमिकामा सरकार परिवर्तन हुने कुराले अर्थ राख्छ जस्तो मलाई लाग्दैन। तर, मनोवैज्ञानिक हिसाबले आफ्नो पार्टीको सरकार हुँदा सरकारले केही गर्छ कि भन्ने आश र अपेक्षा हुन्छ। कानून निर्माण प्रक्रियामा यसले प्रभाव पार्दैन।

**तपाईले खेलेको भूमिकाबाट रुकुमपूर्वका जनता कतिको सन्तुष्ट हुनुहुन्छ ? चिन्ता मनन गर्नु भएको छ ?**

विकास क्रर्मिक रुपमा भइरहेको छ। आधारभूत विकास हुन अझै बाँकी नै रहेको छ। भौतिक संरचना निर्माण कै क्रममा रहेको छ। हिमाली जिल्ला रकुमपूर्वलाई जिल्लाको तीन वटै पालिकालाई मध्य नजर गरेर काम गरी रहेको छु। विगतका वर्षमा भन्दा यस वर्ष सोचे जस्तै सन्तुलित बजेट विनियोजन भएको छ। तर वर्षौ देखि ठूलाठूला निर्माण आयोजनाको काम सरकारले ताकेता गर्दा पनि ठेकेदारले बेवास्ता गरिदिदा निकै सास्ती व्यहोर्नु परेको छ। समयमै ठेकेदारले काम नगरिदिदा सरकारसँग जनता रिसाउनु स्वाभाभिक हो। अब काम नगर्ने कम्पनीलाई कालो सुचिमा राखेर विकास निर्माणको कामलाई तिव्रता दिए मात्र जनतालाई सन्तुष्ट पार्न सकिन्छ।

**कर्मचारीतन्त्र र सार्वजनिक प्रशासन प्रति तपाईंको बुझाई के छ ?**

कर्मचारीतन्त्र भनेको स्थायी सरकार हो। राजनीतिक नेतृत्व आउने जाने भइरहन्छ। तर, कर्मचारीतन्त्र स्थायी हो। पछिल्लो समय संघ र प्रदेशमा महिनामहिनामा सरकारको नेतृत्व परिवर्तन भएको अवस्थामा कर्मचारीको भूमिका झन महत्त्वपूर्ण छ। संघीयता कार्यान्वयन भए पनि प्रशासनिक संघीयता कार्यान्वयन हुन सकिरहेको छैन्। जसले देशमा साँच्चै संघीयता आयो, आएन ? भन्ने प्रश्न खडा गरेको छ। नागरिकले विश्वास गर्न गाह्रो भएको जस्तो देखिन्छ। प्रशासनिक क्षेत्रमा सुदृढ गर्नुपर्ने धेरै कुराहरू छन्। कर्मचारीतन्त्रलाई अझै व्यवस्थित बनाउनुपर्ने छ। तर, कर्मचारीलाई मात्र दोष दिएर पनि हुँदैन। कर्मचारी प्रशासनका लागि चाहिने कानून त फेरि दिन सकिएको छैन। हामी सबै नेतृत्वमा जुनखालको तत्परता हुनुपर्ने हो त्यसमा कमी देखिएको छ।

**संवेदनशील नहुँदा प्रशासनिक रूपमा संघीयता कार्यान्वयन हुन नसकेको हो भन्न खोज्नु भएको हो ?**

हो। यसको उदाहरणका रूपमा संघीय निजामती सेवा ऐनलाई लिन सकिन्छ। संघीय निजामती ऐन प्रशासनिक संघीयताको मुख्य कडी हो। संघीयता आएको ८ वर्षसम्म पनि निजामती ऐन निर्माण हुन नसक्नुमा कर्मचारीहरूको दोष त होइन्।

ढिलो हुनुमा कर्मचारीको इन्ट्रेस्ट होला, तर जति सक्यो छिटो ल्याउनुपर्ने दायित्व हामी जनप्रतिनिधिको रहन्छ।

**सार्वजनिक सेवा सुधारका लागि तपाईं कस्तो काम गर्नु भएको छ ?**

व्यक्तिगत भन्दा सबैसँग सम्बन्धीत कुरालाई सार्वजनिक भन्ने गरिन्छ। सार्वजनिक सेवालाई पनि यसका विशेषता, समेट्ने क्षेत्र, लागत व्यहोर्ने स्रोत, उत्तरदायित्व र सर्वोपरि उद्देश्यबाट निजी सेवाबाट फरक बुझ्ने गरिन्छ। सम्बन्ध र सैद्धान्तिक आधारहरू पनि सार्वजनिक सेवा सुधारका लागि राजनीतिक नेतृत्वको मनोवृत्ति परिवर्तन हुनु पर्यो। हामीले संघीयता ल्यायौं, समानुपातिक र समावेशीताको सिद्धान्त स्थापित गर्यौं, व्यवस्था परिवर्तन गर्यो, एकात्मक राज्य प्रणालीको अन्त्य गर्यौं। तर, पुरानो व्यवस्था प्रणालीको चिन्तनमा रहेका नेताहरूमा केन्द्रिकृत मानसिकता हट्न सकिरहेको छैन। यो हट्नु पर्छ। त्यसलाई सुधार गर्न सकेमात्र सार्वजनिक सेवामा सुधार आउन सक्छ। को कति बेला कहाँ जान्छ र कहाँबाट हट्छ ? यसको टुंगो नभएपछि कर्मचारीहरूले पनि कसको भिजनमा कति समय काम गर्ने भन्ने अन्यौल हुँदो रहेछ।

**सांसद्सँग आमनागरिकको अपेक्षा के हुँदो रहेछ ?**

सांसद्सँग अपेक्षा भनेक विकास निर्माण नै हुन्छ। बाटो बनाइदिओस्, कुलो बनाइदिओस्, पुलपुलेसा बनाइदिओस्, विद्यालय भवन बनाइदिओस् भन्ने नै हुन्छ। छोराछोरीले रोजगार पाउन, राम्रो शिक्षा पाउन भन्ने अपेक्षा हुन्छ। रुकुमपूर्वका जनताले पनि मसँग गर्ने अपेक्षा पनि यिनै हुन्। यी विषयहरू हामीले चुनावी घोषणापत्रमा पनि उल्लेख गरेका छौं सुशासन कायम गर्छौं, समृद्धि ल्याउँछौं, बाटोघाटो निर्माण, शिक्षामा सुधार, स्वास्थ्यमा पहुँच जस्ता विषय हामीले पनि भनेका छौं। यी विषय पूरा हुनको लागि सरकारको स्थायीत्व र तत्परताले पनि असर गर्दो रहेछ। यो दुई वर्षको अवधिमा संघीय सरकारबाट गर्न सकिने प्रयास गरेको छु र यो प्रयास जारी रहन्छ।

**अन्त्यमा के भन्न चाहनु हुन्छ ?**

प्राकृतिक प्रकोपबाट धनजनको ठूलो क्षति भएको छ। मेरो जिल्ला पनि यसबाट प्रभावित छ। प्रभावितहरूका लागि उचित व्यवस्थापनको जरुरी छ। यसतर्फ सरकारको ध्यान जाओस अन्तमा समग्रमा धेरै कुरा राख्न अवसर दिएकोमा भूमे साप्ताहिक पत्रिकाको पाठकलाई धन्यवाद दिदछु।

# बालसाहित्य बालबालिकाको विकासको आधार

❖ हरि खनाल




प्राय विद्यालयहरूमा बालबालिकाका पठनसामग्री भनेको पाठ्यपुस्तक नै निर्धारण गरिएको हुन्छ। शिक्षकलाई पनि निर्धारित पाठ्यपुस्तकको कुरा सिकाउने वा कण्ठ गराएर आफूले सिकाएको प्रमाण अभिभावक र विद्यालय प्रशासनलाई दिने हतार हुन्छ। प्रायः विद्यालयहरूका शिक्षक स्टाफ बैठकमा सामान्यतय शिक्षकहरूका माझमा प्रश्न यही हुन्छ कि कोर्स ककसले सक्दै हुनुहुन्छ वा सक्नुभयो ? परीक्षा पाठ्यपुस्तकबाट मात्र हुनेहुन्छ त्यो पनि पढेर सम्झिएर लेख्नुपर्ने संरचनामा यस हिसाबले त जति बालबालिकालाई पाठ्यपुस्तकमा सीमित बनायो उति उनीहरूले परीक्षामा कण्ठ गर्न सक्ने र लेखेर उच्च ग्रेड ल्याउने धारणा शिक्षकदेखि व्यवस्थापक सँग समेत हुनेभएकाले हामी बालबालिकालाई पाठ्यपुस्तक बाहेकका सामग्री विशेषतःबाल साहित्यका सामग्रीहरूको अध्ययनमा जोडदिँदैनौं।

गृहकार्यको पहाड पठाउँदा अभिभावक खुसी हुने भएकाले हामी घरमासमेत बालबालिकालाई अतिरिक्त पुस्तकहरू पढ्न नसक्ने बनाएर पठाउँछौं।

**अब घरपरिवारका कुरा गरौं। स्वभाविक रूपमा एउटै चिन्तन छ निर्धारित पाठ्यपुस्तक ज्यादा पढिदिए परीक्षामा राम्रो अङ्क आउँछ। त्यो राम्रो अङ्क नै सर्वस्व हो अथवा जीवन हो।**

आम अभिभावकको बुझाइ चाहिँ स्वभाविक हो। किनभने अभिभावक सबैपठन सीप र बालसाहित्यको व्यापक आयामलाई छाम्न समर्थ हुँदैनन्। त्यसमा पनि कण्ठेश्वरी पद्धतिले जरा गाडेको हाम्रो वर्तमान सिकाइ पद्धतिमा यस्तो अपेक्षा किन नराखे ? तर शिक्षा र सिकाइसँग खेल्ने वर्गको पाठ्यपुस्तकलाई सर्वस्व ठान्ने बुझाइचाहिँ किमार्थ सही छैन। अझ यस विषयमा नीतिगत र व्यवस्थापकीय भूमिका निर्वाह गर्ने सरकारका पाठ्यक्रम र परीक्षासँग समबद्ध निकायको बुझाइचाहिँ धेरै खेदजनक छ।

### बालसाहित्य नै किन ?

बालबालिकाका रुचि र स्तरलाई ध्यानमा राखेर लेखिएका वा उत्पादन गरिएका जुनसुकै डिजिटल वा ठोस पुस्तक बालबालिकाका लागि उपयोगी हुन्छन्। जुनसुकै पुस्तक वा सामग्रीमा भने बालबालिकामा रुचि हुँदैन। बालबालिकाका लागि त्यस्ता सामग्री रुचिकर हुन्छन् जसमा उनीहरूको स्तरअनुसार घतलाग्दा कुराहरू चित्रण गरिएका हुन्छन्। भावनाको रसमा बालापन घुलिएका सामग्रीमा मात्र उनीहरूको दिलचस्पी हुन्छ। त्यस्ता सामग्री मानव वा मानवेत्तर जुनसुकैहुनसक्छ। तल्ला उमेरका बालबालिकाका लागि त मानवेत्तर पात्रहरू प्रदान सामग्री अझ ज्यादा रुचिकर भएको पाइन्छ। यी तमाम कारणले गर्दा कथा होस् वा गीत कविता वा कुनै अर्को विधा बालबालिकाका लागि बालसाहित्य नै उपयुक्त देखिन्छ।

बालसाहित्यले बालबालिकाको भाषिक सामाजिक तथा संवेगात्मक विकास गराउँछ। यसले अन्तरवैयक्तिक विकास गराउनुको अतिरिक्त सर्वाङ्गीण विकासको जगलाई मजबुत बनाउँछ। यसले मष्तिष्कलाई क्रियाशील बनाउने र मष्तिष्क क्रियाशील हुँदा बौद्धिक तथा भाषिक विकासका अतिरिक्त अन्य धेरै प्रकारका सिकाइले गति प्राप्त गर्ने हुन्छ।

बालसाहित्यले बालबालिकालाई पठन अभ्यास गराउने र पठन संस्कृति निर्माण मै सहयोग पुऱ्याउँछ। पूर्वीय परम्परा तथा पौराणिक आख्यानमा अभिमन्यु भक्त प्रह्लाद अष्टाबक्र जस्ता महान् व्यक्तित्वहरूको गर्भावस्थादेखिकै सिकाइको चर्चा गरेको पाइन्छ। यस दृष्टिकोणले हेर्दा सिकाइ गर्भावस्थादेखि नै हुन्छ भनिन्छ। यही कुरालाई पश्चिमाहरूले स्वीकार गर्दै विभिन्न अध्ययन तथा अनुसन्धानहरू गरिरहेका छन्। अनुसन्धानले औंल्याएअनुसार गर्भावस्थामा रहेको शिशुले बाहिर उसकी आमा वा निकटवर्तीले वाचन गरेर पढेमा सुन्छ र यसले उसको मष्तिष्कलाई क्रियाशील हुन सघाउँछ। अष्ट्रेलियाको प्रशिद्ध अनलाइन पत्रिका Kangarootime (July 24, 2023) ले बालसाहित्य बालबालिकाको वृद्धि कल्पनाशीलताको विकास गराउन भाषिक विकास गराउन तथा विभिन्न संज्ञानात्क पक्षहरू जस्तै अनुमान गर्ने समालोचकीय दृष्टिकोणको विकास गराउन समस्या समाधान गर्न बोध गर्ने सीप विकास गर्न कल्पना र सृजनात्मकता बढाउन योगदान दिन्छ भनेर उल्लेख गरेको छ।

Tera Centre (2020) ले अनुसन्धानको हवाला दिँदै गर्भ धारण भएको १८ औं हप्तादेखि गर्भस्थ शिशुले सुन्न सक्ने कुरा उल्लेख गरेको छ।

त्यसकारण बालसाहित्य बालबालिका मात्र होइन गर्भस्थ शिशुकी आमा बाबु र निकटमा रहने सदस्यले समेत पढ्नुपर्ने देखिन्छ।जन्मपछिको अवस्थामाबा लसाहित्य शैशव अवस्थामा बालबालिकालाई आमा र निकटवर्तीले धेरै कुरा मौखिक रूपमा गर्छन्।बालबालिकासँग आँखा जुधाएर आमाले गर्ने सञ्चार र हेरालुले गर्ने सञ्चारसँग बालबालिकाको भाषिक तथा मष्तिष्क विकास भइरहेको हुन्छ।

शिशुले आँखा घुमाउन हात चलाउन र कुनै कुरामा दृष्ट अड्याउन सक्ने भएपछि चित्रहरू दिने र चित्रहरू मार्फत अन्तरक्रिया गर्ने काम हुन्छ।एक किसिमले शैशव अवस्थाका साना बालबालिकाका लागि चित्र साहित्य उपयोगी हुनेहुन्छ तर ती कुराहरू बालबालिकालाई दिने मात्र होइन उनीहरूसँगै बसेर हेर्ने र अन्तरक्रिया गर्ने गराउने काममा पाका व्यक्तिहरूकै भूमिका हुन्छ। ३ वर्ष भन्दा माथि पुगेपछि घरमा बाबुआमा वा ज्येष्ठ सदस्यले गाउने गीत लोक गीत सुनाउने कथाहरू नै बालसाहित्य हुन्छ।यी चिजले माथि उल्लेख गरिएका पक्षहरूको मात्र नभएर अभिभावक र बालबालिका बीचको सम्बन्ध पनि मजबुत बनाउँछ।बालबालिकाले बालसाहित्य हेर्न पढ्न जानेकै हुनुपर्छ भन्ने छैन।

चित्र हेरेर उनीहरुले बनाउने धारणा तथा चित्रसँग उनीहरूले गर्ने एकपक्षीय संवादसँग पनि उनीहरूको भाषिक र बौद्धिक विकासले निरन्तरता पाइरहेको हुन्छ।उनीहरू पढ्न सक्ने हुन वा पढ्ने सक्ने भएपछि सरल रूपमा लेखिएका कथा कवितासँग उनीहरूलाई साक्षात्कार गराउनु उपयुक्त हुन्छ।विद्यालयको पाठ्यपुस्तक पढ्ने भएपछि हामी सबैको ध्यान पाठ्यपुस्तकमा मात्र जान्छ।

पाठ्यपुस्तक कण्ठ गरेर लेख्न सके राम्रो अङ्क आउने भद्दा प्रणालीले यस्तो बनाएको हुनसक्छ।हामी के बुझिरहेका हुँदैनौं भने बाह्य पुस्तकहरूको अध्ययनले कसरी व्यक्तिलाई संश्लेषण विश्लेषण गर्न सक्ने व्यक्ति बनाउँछ ?कसरी समालोचकीय चिन्तन विकास गराउँछ भन्ने बारेमा हामी सोचिरहेका छैनौं।हामीले परीक्षालिंदा उनीहरूले अध्ययन गरेका कुनै पुस्तक लेखक तथा पात्रका बारेमा लेख्ने अवसर नै दिइरहेका छैनौं।त्यसकारणले पनि होला हामी बालबालिकालाई ज्ञान र सीपको साँघुरो गल्लीबाट मात्र हिँडाइरहेका छौं।यी र यस्ता विषयमा थप सोच्न र आवश्यक व्यवस्था मिलाउनु जरुरी छ।

***लेखक बालविकासविज्ञ तथा बालसाहित्यकार पनि हुन।***

# परम्परागत कृषि खेतीमा आत्मानिर्भर



❖ नारायण ओली

नेपाल साना तथा सीमान्त कृषकहरुको बाहुल्य भएको मुलुक हो। नेपालको अधिकाँश भूभाग पर्वतीय भिरालो क्षेत्रमा रहेकाले कूल क्षेत्रफलको करिब एक चौथाई भूखण्ड मात्र खेतीयोग्य रहेको छ। त्यसमाथि खेतीयोग्य जमिनको स्वामित्वमा इतिहासदेखि नै समाजका सीमित प्रभावशाली परिवार र समुदायको पकड रहेकाले यसको वितरण असमान रही आएको छ।

फलस्वरुप मुलुकका पाँच प्रतिशत भन्दाबढी कृषक परिवार भूमिहिन छन् भने झण्डै पचास प्रतिशत घरपरिवारले १० रोपनीभन्दा कम जमिनमा खेती गरेर जीविका चलाउदै आएका छन्। त्यसो त समग्र मुलुकको औसत हेर्दा प्रति कृषक परिवार १४ रोपनी मात्र खेतीयोग्य जमिन रहेको छ र देशका ६० प्रतिशतभन्दा बढी कृषक परिवार १४ रोपनी मात्र खेतीयोग्य जमिन रहेको छ र देशका ६० प्रतिशतभन्दा बढी कृषक परिवार साना र सीमान्त कृषकको श्रेणीमा पर्दछन्। एक अध्ययन अनुसार नेपालका ७८ प्रतिशत कृषक परिवारले केवल घरायसी प्रयोजनका लागि मात्र खेती गर्दछन् भने २१ प्रतिशत कृषकले तिनले उब्जाएका कृषि उपजको आधा हिस्सा घरायसी प्रयोजनमा उपयोग गर्दछन् र आधाभन्दा कम उपज बिक्रीका लागि बजार पठाउँछन्।

केवल एक प्रतिशत कृषकले मात्र बजारमा बेच्ने प्रयोजनले व्यावसायिक खेती गरिरहेको देखिन्छ। यसरी समग्रमा नेपालको कृषि प्रणाली नियाल्ने हो भने सामान्यतया हरेक कृषक परिवारले ज्यादै नै थोरै जमिनमा, सीमित सुविधा र अत्यन्त विषम परिस्थितिका बीच आफ्नो खाद्य आवश्यकता पूरा गर्ने मूल उद्देश्यका साथ कृषि व्यवसाय सञ्चालन गरिरहेका छन्।

आम रुपमा परम्परागत मानिने यस्तो कृषि प्रणालीमा खेतीवाली, पशुपालन र बनजन्य स्रोतहरु अन्योन्याश्रित रुपमा जोडिएका हुन्छन् र कृषक परिवारले तिनलाई एकीकृत रुपमा परिचालन गरी आफ्ना आवश्यकता पूरा गर्ने गरेका छन्। करिब ७० प्रतिशत नेपाली कृषक परिवार तिनको दैनिक जीवनका कुनै न कुनै आवश्यकता पूर्ति गर्न वन स्रोतमा आश्रित रहेका छन्। परम्परागत हिसाबले गरिएका खेतीवालीमा प्रशस्त विविधता छ। पशुबस्तुहरुले खेतीका लागि आवश्यक मलखादको आपूर्ति गर्दछन्।

देशका झण्डै ८० प्रतिशत कृषक परम्परागत कृषि प्रणालीमा नै आधिरित रहेका छन्। परम्परागत कृषि प्रणाली मूलतः स्थानीय वस्तुस्ति अनुकुल, कृषकहरुको लामो अनुभवबाट विकास भएका रैथाने प्रविधिहरुमा आधारित रहेको छ र ती कम खर्चिला, दिगो र पर्यावरण मैत्री समेत छन्। उदाहरणका लागि पहाडी भिराला जमिनमा कान्ला बनाई स–साना ग¥हा निकालेर खेती गर्ने जुन प्रणाली छ, त्यो हाम्रो भूगोलको वास्तविकता अनुरुप कृषकहरुले पुस्तौंपुस्ता देखिका अनुभवको आधारमा विकास गरेको मौलिक प्रणाली हो।

यसबाट भिराला जमिनमा हुने भू–क्षयको रोकथामका साथै माटोको उर्वरशक्ति र चिस्यान व्यवस्थापन प्रभावकारी रुपमा हुँदै आएको छ। वास्तवमा हाम्रो परम्परागत कृषि प्रणालीमा, कृषिविकास सम्बन्धी यस्ता थुप्रै रैथाने ज्ञानका अतिरित्त मौलिक संस्कृतिको भण्डार नै रहेको छ। तर विडम्बना, आधुनिकता र विकासको बारेको शिक्षा र प्रविधिबाट प्रभावित मूलधारका कृषि विज्ञर नीति निर्माताहरुको ठूलो तम्काले हजारौं बर्षदेखिका अनुभवमा आधारित यस्ता रेथाने ज्ञान र कृषि संस्कृतिलाई उचित मान्यता दिन नसक्दा यो प्रणाली उन्नत हुने अवसर पाएको छैन। हाम्रा नीति दस्तावेज र विकास कार्यक्रमहरुमा दशकौंदेखि परम्परागत कृषि प्रणालीलाई हचुवाको भरमा ‘निर्वाहमुखी’ भन्दै यसका सबल पक्षहरुलाई पुरै नजरअन्दाज गर्ने र समग्रमा यो प्रणालीलाई फेरेर जतिसक्दो छिटो बाह्य स्रोत र प्रविधिमा आधारित ‘व्यावसायिक’ र आधुनिक बनाउनु पर्ने कुरामा जोड दिँदै आएको छ।

यसले गर्दा हाम्रो मौलिक विशेषता अनुसारको कृषि विकासको ढाँचा निर्माण गरी कृषि क्षेत्र उन्नत बनाउने अवसर हामीले गुमाइरहेको अवस्था छ। यसले एकातिर हाम्रो मौलिक खाद्य र कृषि संस्कृति तथा स्थान विशेषका अनुभवमा आधारित खेतिपाति सम्बन्धी बहुमूल्य ज्ञान र सीप लोप हुने अवस्था आएको छ भने अर्कोतर्फ, बाह्य खनिज स्रोत, ज्ञान, सीप र प्रविधिमा आधारित खेती प्रणालीको प्रवद्र्धनमा जोड दिइएकाले पर्यावरणीय विनाश र परनिर्भरताको चुनौती थपिएको छ।

# नयाँ आलु पकेट विकास कार्यक्रम सञ्चालन माग सम्बन्धी सूचना

भूमे गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खावाङ बगर, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश, नेपाल

प.सं. :- २०८१/८२
च.नं.:- १०८

मिति:- बि.सं.२०८१/०४/२२ गते मंगलवार

विषय:- सूचना टाँस गरी जानकारी गराउने सम्बन्धमा ।

श्री वडा कार्यालयहरु सबै,
श्री कृषि, पशुपन्छी तथा मत्स्य सेवा प्राविधिकहरु सबै,
भूमे गाउँपालिका, रुकुम (पूर्वी भाग),
लुम्बिनी प्रदेश, नेपाल ।

प्रस्तुत विषयमा यस भूमे गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, कृषि सेवा केन्द्र, खावाङ बगर, रुकुम (पूर्वी भाग), लुम्बिनी प्रदेश, नेपाल कार्यालयको *दोस्रो पटक प्रकाशित* ***आ.व.२०८१/८२मा नयाँ आलु पकेट विकास कार्यक्रम सञ्चालन माग सम्बन्धी सूचना*** *(१० दिने)* त्यहाँ वडा कार्यालयको सूचनापाटीमा टाँस गरी वडाभित्र रहेका कृषि फार्म/कृषक समूह/कृषि सहकारी संस्था लिमिटेड/समिति/जल/वन उपभोक्ता समितिहरुलाई जानकारी गराई सो को जानकारी पठाउनुहुन अनुरोध छ ।
साथै उक्त ***आ.व.२०८१/८२मा नयाँ आलु पकेट विकास कार्यक्रम सञ्चालन माग सम्बन्धी सूचना*** *(१० दिने)* थान १ (एक) यसै पत्रसाथ संलग्न गरी पठाईएको छ ।

(देबि लाल बि.के.)
प्रमुख प्रशासकीय अधिकृत

खावाङ बगर, रुकुम (पूर्व), लुम्बिनी प्रदेश, नेपाल | सम्पर्क फोन नं. +९७७-९८०१३३२३८३, ९७८२५२७१११
इमेल: info@bhumemun.gov.np, bhumemun@gmail.com, वेबसाइट: www.bhumemun.gov.np

---

भूमे गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खावाङ बगर, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश, नेपाल

आर्थिक वर्ष:- २०८१/८२
सूचना नं.:- ८

**आ.व.२०८१/८२मा नयाँ आलु पकेट विकास कार्यक्रम सञ्चालन माग सम्बन्धी सूचना ।**
**(दोस्रो पटक सूचना प्रकाशित मिति:- बि.सं.२०८१/०४/२२ गते मंगलवार)**

प्रस्तुत विषयमा यस भूमे गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, कृषि सेवा केन्द्र, खावाङ बगर, रुकुम (पूर्वी भाग), लुम्बिनी प्रदेश, नेपाल कार्यालयको यस चालु आ.व.२०८१/८२को स्वीकृत वार्षिक विकास कार्यक्रम अन्तर्गत संघीय सरकारबाट हस्तान्तरित सशर्त अनुदान, प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, ***आ.व.२०८१/८२मा नयाँ आलु पकेट विकास कार्यक्रम सञ्चालन*** गर्नुपर्ने भएकोले भूमे गाउँपालिका, रुकुम (पूर्वी भाग)भित्रका इच्छुक कृषि फार्म/कृषक समूह/कृषि सहकारी संस्था लिमिटेड/समिति/जल/वन उपभोक्ता समितिहरुले तपसिलमा उल्लेखित पेश गर्नुपर्ने आवश्यक कागजातहरु सहित ***यो सूचना प्रकाशित भएको मितिले १० औं दिनभित्र अर्थात (मिति बि.सं.२०८१/०४/३१ गते बिहीबार)भित्र*** यस भूमे गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, कृषि सेवा केन्द्र, खावाङ बगर, रुकुम (पूर्वी भाग) कार्यालय तथा सम्बन्धित वडा कार्यालयहरुमा माग गर्नुहुन यसै सूचनाद्वारा जानकारी गराईन्छ।

तपसिल:
पेश गर्नुपर्ने आवश्यक कागजातहरु:
(१) कार्यक्रम माग सम्बन्धमा निवेदन र छाप ।
(२) सम्बन्धित निकायमा दर्ता तथा नविकरण भएको प्रमाण-पत्रको प्रतिलिपि ।
(३) स्थायी लेखा नम्बर (PAN) तथा मूल्य अभिवृद्धि कर (VAT) दर्ता प्रमाण-पत्रको प्रतिलिपि ।
(४) गत आ.व.२०८०/८१को करचुक्ता प्रमाण-पत्रको प्रतिलिपि ।
(५) गत आ.व.२०८०/८१को अन्तिम लेखापरिक्षण प्रतिवेदनको प्रतिलिपि ।
(६) प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यान्वयन म्यानुअल २०७७को अनुसूची ६, ७ र १०को फारम/ढाँचा/नमूना बमोजिम पूर्ण रुपमा भरेको विवरण ।
(७) कार्यक्रम सञ्चालन हुने तथा उपभोग गर्ने स्थानका कृषकहरुको जग्गा/जमिनको स्वामित्व खुल्ने कागजात वा भाडाँको जग्गा भएमा कम्तिमा ५ वर्षको सम्झौतानामा तथा गत आ.व.२०८०/८१को घरजग्गा तिरो तिरेको रसिदको प्रतिलिपि ।
(८) निवेदक (कार्यक्रम सञ्चालन तथा उपभोग गर्ने कृषक)हरुको नेपाली नागरिकता प्रमाण-पत्रको प्रतिलिपि ।
(९) समूह/संस्था/समितिको हकमा कार्यक्रम माग सम्बन्धमा निर्णयको प्रतिलिपि ।

(मोहन कुमार डाँगी)
प्राविधिक सहायक

(देबि लाल बि.क.)
प्रमुख प्रशासकीय अधिकृत

सम्पर्कका लागि:
१. कृषि प्रसार अधिकृत- स्वतन्त्र राज चौधरी:- ९८४१८०२७३२, ९८२२८२३८२६
२. प्रा.स.- मोहन कुमार डाँगी:- ९८४७८६१३२९
३. ना.प्रा.स.- विशाल पुन मगर:- ९८६६९०४६५६, ९८१०९४०९९५

पुनश्च:
- *उल्लेखित आ.व.२०८१/८२मा नयाँ आलु पकेट विकास कार्यक्रम सञ्चालन मागको लागि अनुसूची ६, ७ र १०को फारम/ढाँचा/नमूना भूमे गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, कृषि सेवा केन्द्र, खावाङ बगर, रुकुम (पूर्वी भाग) कार्यालय, सम्बन्धित वडा कार्यालयहरु तथा भूमे गाउँपालिका, रुकुम (पूर्वी भाग) कार्यालयको वेबसाईट* www.bhumemun.gov.np *बाट प्राप्त गर्न सकिनेछ ।*

खावाङ बगर, रुकुम (पूर्व), लुम्बिनी प्रदेश, नेपाल | सम्पर्क फोन नं. +९७७-९८०१३३२३८३, ९७८२५२७१११
इमेल: info@bhumemun.gov.np, bhumemun@gmail.com, वेबसाइट: www.bhumemun.gov.np

---

## खानेपानी तथा सरसफाई डिभिजन कार्यालय रूकुम पूर्वको सूचना

पूर्ण सरसफाइ प्राप्तिको लागि निम्न कुरा अबलम्बन गरौं।

- दिसा पिसाबका लागि चर्पीको मात्र प्रयोग गरौं।
- दिसा पिसाब गरिसकेपछि, खाना पकाउनुअघि र
- खाना खानु अघि साबुनपानीले राम्रोसँग हात धुने गरौं।
- घरायसी तहमा पिउने पानी को सुरक्षित व्यवस्थापन र शुद्धिकरण गरौं।
- व्यक्तिगत सरसफाइमा ध्यान दिऔं।सुरक्षित खानाको प्रयोग गरौं ।
- घरभित्र र बाहिरका तरल, पच्ने ठोस र नपच्ने ठोस फोहोरमैलाको उचित व्यवस्थापन गरौं।